# साँढे धपाउने भक्तपुर किसान आन्दोलन एक अध्ययन

**विकल प्रजापति[१]**

**वस्तुसार**

*नेपालको किसान आन्दोलनको इतिहासमा भक्तपुरको किसान आन्दोलन अविस्मरणीय छ । बाली काट्ने आन्दोलन, भर्पाई आन्दोलन, मोही लगतमा जोताहा किसानको नाम लेखाउने अभियान, साँढे धपाउने आन्दोलन, भ्रष्टाचारविरोधी आन्दोलन, छोरीलाई पनि मोहियानी हक दिलाउने आन्दोलन, धर्मपुत्रलाई मोहियानी हक दिलाउने आन्दोलन भक्तपुरमा चलेका प्रमुख किसान आन्दोलनहरू हुन् । त्यसमध्ये किसानको बाली खाने र नष्ट गर्ने छाडा साँढे धपाउने आन्दोलनका विभिन्न पक्षहरूको विश्लेषण यस रचनामा गरिएको छ ।*

*देशका अधिकांश क्षेत्रजस्तै भक्तपुरका किसानहरूको आर्थिक र सामाजिक अवस्था अत्यन्तै कमजोर थियो । त्यसमाथि आर्थिक र सामाजिक रूपमा आश्रित किसानलाई साहु सामन्तहरूले गर्ने शोषणका रूपहरू अनेक थिए । जीविकोपार्जनको लागि कृषिबाहेक अर्को विकल्प थिएन । अनेक दुःख गरेर लगाएको बाली गोडमेल गरेर फसल भित्र्याउन ठिक्क हुने बेला कहिले असिना पानीले त कहिले शिवजीको बहान भनी पुजिएको साँढेले सोतर पार्थ्यो । छाडा साँढेको मनोवैज्ञानिक असरले किसानलाई कमजोर पारेको हुन्थ्यो । प्रत्येक वर्ष व्यक्तिगत रूपमा अपनाउने सुरक्षा सजगता निरन्तर बेकार हुने गर्थ्यो । यस्तो अवस्थामा बामपन्थी विचारबाट प्रभावित तत्कालीन क्रान्तिकारी किसान कार्यकर्ताहरू निरन्तर विमर्शमा जुट्न थाले । पाइला पाइला गर्दै सामाजिक अभियानको रूप लियो । किसानविरोधी वा जनविरोधीहरू त्यस्तो सङ्गठित अभियानलाई रोक्ने वा दिग्भ्रमित पार्न अनेक कोसिस गर्थे । बिस्तारै किसानहरू सचेत र सङ्गठित हुन थाले । समयले आफूलाई प्रहार गर्ने शक्तिविरुद्ध पनि सशक्त प्रतिवाद गर्ने धैर्यता वा साहश दिलायो । सङ्गठनको भूमिका र महत्व बुझेपछि स्वाभाविक रूपमा आन्दोलनको रूप लियो । साँढे धपाउने आन्दोलनको प्रभावकारिताले किसान आन्दोलनका अनेक चरणहरूलाई सम्भव बनायो । यस अध्ययनले भक्तपुर र समग्र नेपालको तत्कालीन कृषि व्यवस्था, कृषकको समस्या, आर्थिक, सामाजिक अवस्था र जनचेतनाको सामान्य आकलन हुनेछ । सामान्य आर्थिक र सामाजिक असन्तोषले पनि राजनीतिक रूप लिएको दृष्टान्त यो अध्ययनको सार हो ।*

***विशिष्टीकृत शब्द :*** *किसान, आन्दोलन, साँढे, किसानविरोधी, किसानसमस्या, साँपामा, वर्गसङ्घर्ष*

## अ. विषय प्रवेश

अहिलेजस्तो रासायनिक मल नभएको, उन्नत बीउ र पानीको सुविधा नभई थोरै उब्जनी हुने समयमा छाडा गाई र साँढेले बाली नष्ट पारिनु किसानहरूलाई ठूलो समस्या भएको थियो । विशेष गरेर ठूलाठालूहरूले दूध, दही, घ्यू आदि खान घरघरमा गाई पालेका हुन्थे । उनीहरू गाई ब्याएपछि बाच्छी भए पाल्थे भने बाच्छो भए छाड्ने गर्थे । अर्कोतिर पर्वतेहरूको 'बिर्खेश्वर' अर्थात् बाच्छाबाच्छी दान गर्ने र छाड्ने चलन थियो । धर्मको नाममा छोडेका त्यस्ता बहर ठूलो भएपछि किसानको बाली खाई दुःख दिन्थे । किसानले रोप्नको लागि ठिक्क पारेको बीउ बेर्ना साँढेले खाइदिन्थे । कहिले पाकेको वा पाक्नै लागेको बाली बिगार्नाले किसानले बाली भित्र्याउनै पाउँदैनथे । साँढेको बथान जनताका ठूलो दुश्मनजस्तै थियो । छाडा साँढेको कारण किसानलाई ठूलो समस्या थियो । साँढेबाट बाली जोगाउन किसानहरू खेतमा रात दिन कुर्थे ।

---

[१] विकल प्रजापति वागीश्वरी कलेजका उपप्राध्यापक हुनुहुन्छ । उहाँलाई *advocatebikal@gmail.com* मा सम्पर्क गर्न सकिन्छ ।

२०१९ सालमा भक्तपुर नगरपञ्चायतमा निर्वाचित जनपक्षीय पदाधिकारीहरूको पहलमा किसानको बाली खाने छाडा गाई, साँढे आदि नियन्त्रण गर्न चौपाया नियन्त्रण समिति गठन गरियो । पञ्चायतले शुरूमा साँढे नियन्त्रण गर्ने साँपामा (बाली कुरुवा बस्ने व्यक्ति) खडा गरेका थिए । पछि किसानहरू आफै मिलेर रोपनीको एक दुई पाठी धान उठाएर साँपामाको व्यवस्था गर्न थाले । बलिया र अजङ्गका साँढेलाई नियन्त्रण गर्न एक दुई व्यक्तिले सम्भव थिएन । बेलाबेला त्यस्ता साँढेले मान्छेलाई लखेट्थ्यो । साँपामा बस्दाबस्दै पनि साँढे बालीमा पस्थ्यो । हरियो फाँटमा पसेपछि धपाउन त मुस्किलै पर्थ्यो । यताबाट धपायो उता, उताबाट यता, फेरि उही समस्या ।

किसानको मागबमोजिम साँढे बटुलेर कृषिक्षेत्रभन्दा धेरै टाढा धपाउने योजना बन्यो । किसानहरू सङ्गठित भएको र साँढे धपाउने काम किसानविरोधी सामन्तहरूलाई मन परेको थिएन । साँढे धपाउन जाने किसानहरूलाई सामन्ती स्वभावका मानिसहरूले बाधा दिन खोजे । किसान र ती मान्छे दुई पक्षबीचको सङ्घर्षले वर्ग सङ्घर्षको रूप लियो । त्यही ऐतिहासिक घट्नालाई साँढे धपाउने आन्दोलन भनिएको हो ।

**आ. अध्ययन विधि :** यो लेख मूलतः वर्णनात्मक तथा विश्लेषणात्मक विधिमा आधारित छ । द्वितीय स्रोतको रूपमा सीमित लेख, रचना र पुस्तक प्रमुख आधार हुन् भने प्राथमिक स्रोतको रूपमा किसान आन्दोलनमा प्रत्यक्ष सहभागीहरूको अनुभव अनुभूतिलाई यथोचित स्थान दिने प्रयास गरिएको छ ।

**इ. अध्ययन विश्लेषण**

**साँढे र मानवीय आन्दोलन**

गाईलाई गौमाता मान्ने समाजमा दूधको लागि गाई पाल्ने भए पनि नेवार समाजमा गोरु नजोत्ने भएकाले उपत्यकामा साँढे पाल्ने चलन विरलै थियो । गाई पाल्नेहरू बाच्छो जन्मेपछि विभिन्न बहानामा छाडा छाड्ने गर्थे । त्यही बाच्छाहरू यताउति लाग्ने क्रममा किसानको बीउ, बेर्ना र पाकेको बाली भेटाउँथे । ठूलो सङ्ख्यामा भएपछि किसानको फाँटभरिको बाली खान वा नष्ट गर्न समय नै लाग्दैनथ्यो । आफूलाई दुःख दिने साँढे धपाउने किसानहरू सामन्ती स्वभावका धनीहरूको तारो बन्ने गर्थे । यसरी किसान र सामन्तीहरूबीच सङ्घर्ष हुँदा सानो विषय चर्किएर वर्गीय मुद्दा बन्न पुगेको थियो ।

भक्तपुर किसान आन्दोलनका एक अगुवा मोहनबीर कुस्माका अनुसार दूध नदिने 'थाकेको गाई वा साँढे' गोरु जोत्नलाई काम लाग्ने भए पनि यतातिर गोरु जोत्ने चलन नभएकाले गाईपालकहरु त्यस्ता गाई गोरु त्यतिकै पाल्न सम्भव नभएपछि छाड्ने गर्थे; प्रायः राति राति आँखामा पट्टी बाँधेर साँढे छोडिन्थ्यो, ताकि साँढे पुनः घरमा फर्किन नसकियोस् । त्यसबेला साँढे किनबेच गर्न पनि नमिल्ने भएकाले महादेवका नाममा छोडिन्थ्यो । त्यसरी छाड्ने क्रममा साँढेका नाममा चरण क्षेत्रका लागि भनी केही जग्गा पनि छोडिन्थ्यो । कतिले जग्गा पनि छोड्दैनथे (बखुन्छें, २०७२) । ताथलीका किसान कार्यकर्ता केशरबहादुर खड्काका अनुसार त्यसबेला विशेष गरेर पर्वतेहरूका मान्छे मरेपछि ११ औं दिनमा 'बिर्खेश्वर' अर्थात् बाच्छाबाच्छी दान गर्ने चलन थियो । त्यसरी दान गरिएका बाच्छाबाच्छी फेरि घरमा राख्न हुँदैन भन्ने मान्यता थियो । त्यसरी दान गर्दा बाच्छाबाच्छीलाई डामेर छाडिन्थ्यो र डाम्दा पीडाले बाच्छाबाच्छीहरू कराउँथे । त्यसरी कराएको आवाज स्वर्गसम्म सुनिन्छ भनेर बाहुनले ढाँट्थे र सोझासिधाहरू होला नि भन्दै विश्वास गर्थे ।

अर्का अगुवा शङ्खबहादुर यामामीका अनुसार साँढेबाट बाली जोगाउन किसानहरू खेतमा रात दिन कुर्न बस्थे । कति ठाउँमा भोलि रोपाइँ गर्न पानी जम्मा गरेको हुन्थ्यो । खेतालाहरूलाई खबर गरिसकेको हुन्थ्यो । बीउ राखेको ठाउँमा राती साँढेले सबै बीउ सिध्याइदिन्थ्यो । दिउँसोको लागि खाजा बोकेर बिहानै खेत पुग्दा बीउ हुँदैनथ्यो । सबै तयारी बेकार हुन्थ्यो । कहिले पाकेको वा पाक्नै लागेको धान बिगार्नाले किसानहरू बाली भित्र्याउनै पाउँदैनथे । साँढे जनताका ठूलो दुश्मनजस्तै थियो । छाडा साँढेको कारण किसानलाई ठूलो समस्या थियो । किसान आफै बाली जोगाउन कुर्न जानुको विकल्प थिएन । 'एक त थोरै उब्जनी, त्यसमा पनि तिरो तिरान बढी । अझ छाडा चौपायाले

बाली बिगार्नाले किसानहरू मर्कामा परेका थिए' (बखुन्छें, उही) । त्यसकारण किसानलाई दुःख दिने साँढे कहिल्यै नफर्किने ठाउँसम्म धपाउने योजना बन्यो । साँढे धपाउन हिँडेका किसानमाथि भौतिक आक्रमण हुन थालेपछि किसानहरू आन्दोलित भएका थिए ।

**साधारण किसान र किसानविरोधी चरित्र**

एकातिर धर्म र परम्पराको नाममा साँढे छाडा छाडेका हुन्थे भने अर्कोतिर किसानको दुःखमा रमाउने किसान विरोधीहरू आफै पनि खेतबालीमा साँढे छोड्थे । प्रायः किसानको आफ्नै जग्गा हुन्नथ्यो, भए पनि पर्याप्त हुन्नथ्यो । धनी र मध्यम वर्गीहरूको जग्गा किसानले जोतेको हुन्थ्यो । किसानले जग्गा जोत्नको लागि तिनीहरूको घरको जन्मदेखि मर्दापर्दासम्मका सबै काम सित्तैंमा गरिदिनुपर्थ्यो । बिहानदेखि तमाखु भरिदिने, बढारकुढार गर्ने, लिपपोत गर्ने, पानी ल्याइदिने, बेलाबेलामा पराल, छ्वाली दिनुपर्थ्यो । बाली उस्तै चर्को तिर्नुपर्थ्यो । जिविकोपार्जन गर्न र आवश्यक पर्दा ऋण, सरसापट गर्नुपर्ने भएकाले अर्को विकल्प पनि थिएन । तिनीहरूसँग डराएर किसानले बजारमा बेच्न राखेको तरकारीको भाउ गर्न पनि सक्दैनथे । समग्रमा प्रायः जग्गावाला र धनी साहु महाजनहरू किसानविरोधी चरित्रका थिए । साहु महाजनहरूले साँढे धपाउने अभियानको विरोध मात्र गरेनन् साँढे धपाउन हिँडेका किसानहरूलाई पुलिस अगाडि राखेर कुटपिट्समेत गरेको कुस्माको अनुभव छ । ती घट्नाक्रमले सामन्ती भावना नै गरिब किसानलाई सताउने कुत्सित नियत हो भन्ने प्रतीत हुन्छ ।

बजारमा साहु महाजनहरू टिन ठटाएर साँढे जुधाउने गर्थे । तिनीहरू साँढेको पिठ्यूँमा हिर्काउँदै 'हार्र हार्र' भन्दै जुधाउँथे र त्यसैमा साँझ बिहानको मनोरञ्जन गर्थे । चारैतिर भिडले घेरेको हुन्थ्यो । काम छाडेर सर्वसाधारण जनता रमिता हेर्न बस्थे । यसरी साँढे जुधाउँदा पूरै बाटो र बजार ठप्प हुन्थ्यो । बेला बेला दुई पक्षबीच झगडा हुन्थ्यो । किसानहरूलाई रगताम्य हुने गरी कुटपिट पनि गरेको तत्कालीन किसान कार्यकर्ता नारायण गोसाईको स्मरण छ । 'भक्तपुरको किसान आन्दोलन' पुस्तकमा कृष्णभक्त चगुथिका अनुसार बब्बर शमसेरले ०४ सालमा नै 'नाति' ज्यापुहरूको अनुरोधमा चौपाया नियन्त्रण कानुन ल्याएका थिए । त्यो कानुन लागू गराउन भने निकै पछिसम्म पनि गाऱ्हो परिरहेको थियो । एकदिन रतंबहादुर ख्याजू र रतंवीर आचाजूको गाई ब्यासी बस्ने 'छ्याकः' ले समाते । साँझ झिसमिसेमा समातेकोले उनले तत्काल मजिष्ट्रेटकहाँ गाई बुझाउन लैजान भ्याएनन् । उता रतंबहादुरले भने मेरो गाई चोरी भयो भनेर चोरको हुलिया समेत दिएका रहेछन् । उतिखेर तेजबहादुर प्रसाई मजिष्ट्रेट थिए । रतंबहादुर उनका बैठके । बिहान गाई बुझाउन भनेर जाने बित्तिकै 'साँ खु साँ खु' भनेर रतंबहादुरले होहल्ला गर्न थाले । 'हामी पनि पुगेका थियौं । त्यहाँ झगडा शुरू भयो । मजिष्ट्रेटले मिलापत्र गराउन भ्याए । बाली नोक्सानी भए बापत भनेर किसानलाई बीस पाथी धान दिनुपर्ने भयो- कानुनबमोजिमै । त्यो दिन साम्सुम् भयो । भोलिपल्ट बाली लिन जाँदा मेरो बेइज्जत भएको छ । त्यो बेइज्जतीको मूल्य खै भनेर रतंबहादुरले किसानलाई खेदे । बाली दिने कुरै गरेनन्' ( चगुठी, २०६५) ।

छाडा साँढे हरियाली सिधेपछि बजारतिर पस्थ्यो । भक्तपुरका टोलटोलमा साँढेको राज चल्थ्यो । मान्छे बस्न बनाएको पाटीमा साँढे बस्न थाल्यो । तचपाल, टौमढी र टोलटोलको चोकमा ठूल्ठूला साँढेले दुःख दिन्थ्यो; किसानले बेच्न राखेको साग सब्जी खाइदिन्थ्यो; मान्छेलाई बेलाबेलामा घाइते हुने गरी हुत्याइदिन्थ्यो । बजारमा घर भएका साहु महाजनहरूलाई दिन कटाउने मेसो बन्ने गरेको गोसाईको थम्याइले साधारण किसानको बाध्यतामा मध्यम वर्गी साहु महाजनहरूको किसानविरोधी चरित्र आभास हुन्थ्यो ।

**बाली जोगाउन साँपामा**

किसानको समस्यालाई ध्यानमा राखेर २०१९ सालमा भक्तपुर नगरपञ्चायतमा निर्वाचित जनपक्षीय पदाधिकारीहरूले किसानको बाली खाने छाडा गाई, साँढे आदि नियन्त्रण गर्न चौपाया नियन्त्रण समिति गठन गरे । साँढे नियन्त्रणका लागि भक्तपुर नगरपञ्चायतले शरूमा साँपामा खडा गरेको थियो । साँपामा भनेको नगर पञ्चायतका नगर प्रहरीझैँ थिए । किसान कार्यकर्ता गोसाईका अनुसार साँपामाले कालो झुप्पा भएको कालो टोपी

लगाएको हुन्थ्यो । पछि किसानहरू आफै मिलेर रोपनीको १-२ पाठी धान उठाएर साँपामाको व्यवस्था गर्न थाले । टोल टोलमा ४-५ जनासम्म साँपामा खडा भएका थिए (गोसाई, उही) । बलिया र अजङ्गका साँढेलाई नियन्त्रण गर्न १-२ व्यक्तिले सम्भव थिएन । त्यस्ता साँढेहरूले बेलाबेला मान्छेलाई लखेट्थे । आफ्नो खेतमा नर्कट वा बाँसको बार (वः) लगाए पनि साध्य थिएन । एक फाँटमा २-३ साँढे पुगेपछि बिहान भरिमा पुरै फाँट सखाप हुन्थ्यो । साँपामा बस्ने मान्छे पनि बलियो र आँटिलो हुनुपर्थ्यो । कहिले काहीं साँपामा बस्दाबस्दै पनि साँढे पस्थ्यो । हरियो फाँटमा पसेपछि धपाउन त मुस्किलै पर्थ्यो । साँपामाहरू पुलमा बाँसको बार र टांगाचा लगाई सुरक्षा दिन बस्थे । बलिया साँढेहरू त्यो बारसमेत नाघेर जान्थे ।

गोल्मढीका मुक्तिलाल खायमलीका अनुसार फाँट फाँटमा छाडा साँढेले बाली नष्ट गर्ने भएकाले किसानसँग चन्दा उठाएर साँपामा राखिन्थ्यो । साँपामाले फाँटफाँटमा निगरानी गर्थे । फाँटमा चरिरहेका साँढेलाई खोजी खोजी धपाइन्थ्यो । साँढे पनि उस्तै चलाख, धपाउने मान्छे फर्किन नपाउँदै अर्कोतिरबाट उहीं पुग्थ्यो । किसानसँग पराल उठाएर साँढेलाई खुवाइन्थ्यो । कतिपय पाटीमा साँढे थुन्न मिल्ने गरी भित्रपट्टि ठाउँ बनाएकाले त्यहीँ पनि थुन्थ्यो ।

साँढे नियन्त्रण गर्न ठाउँ ठाउँमा २-३ नाले पाटीको पछाडिको भित्री भागमा कोठाजस्तो बनाई साँढे थुन्ने गरिन्थ्यो । जगातीस्थित हालको पाटी त्यतिबेला २ नाले थियो । टोलवासीसँग पराल उठाई साँढेलाई खुवाउनुका साथै किसानहरूले पाटीको भित्री भागमा (कोठामा) साँढे थुनेका थिए (मचामसी, २०७४) । चौपाया नियन्त्रण ऐनले वास्तवमा किसानको दुःख कम गरेको थिएन । कतिपल्ट किसानले त्यस्ता गाईवस्तु पक्रेर तत्कालीन किसान सङ्घमा बुझाउन ल्याउँथे । त्यही गाईवस्तुलाई ज्वाइँसरह हेरविचार गरिराख्नुपर्थ्यो । चौगुठीको अनुभव छ- 'देगमनाको फलेचामा हामीले कैयन रात त्यस्ता गाईवस्तुलाई ख्वाएर दिनरात पालो पहरा दिएर राखेका थियौं । अलिकति बाली नोक्सानीको मुआब्जासम्म पाइएला कि भनेर न हो । तर कहिले त्यो वस्तु कुनै किसानैको पर्थ्यो र हामीलाई त्यो मुद्दा न निल्नु न ओकल्नु हुन्थ्यो । कहिले वस्तुका मालिक कोही देखा पर्दैनथे र फेरि धेरै दिनको लेखापढीपछि गाईवस्तु लिलाम गरिनुपर्थ्यो । कहिले भने उल्टो गाईचोर बाखामाराको आरोप खेप्नुपर्थ्यो (चगुठी, उही) ।' यसरी छाडा चौपाया एक जटिल किसान समस्याको रूपमा देखापर्यो भने सो समस्या समाधानको लागि पीडित किसान स्वयं, समुदाय र जनप्रतिनिधिको पहलकदमी निरन्तर चलिरह्यो ।

**कहाँ कति ?**

भौतिकरूपमा साँढे धपाउने कार्य ठूलो कुरा नहोला । तर अन्यायी साँढे धपाउने कार्य आफैमा एक आन्दोलन थियो । यद्यपि साँढे धपाउन के कतिजना उपस्थित भए, गन्तव्यसम्म के कति पुगे भन्ने यकिन छैन । टोलटोलबाट किसान कार्यकर्ता र सर्वसाधारण किसान लागेको भए पनि गन्तव्यसम्म पुग्नेको सङ्ख्या न्यून थियो । योजनाअनुसार साँढे धपाउने दिन सबैतिरबाट जम्मा ६४ साँढे बटुलिए (किसान सङ्घर्ष, २०७३) । अगुवा कार्यकर्ता मोहनवीर कुस्माका अनुसार जिल्लाभरि छरिएका ६०-७० वटा साँढे बटुली नगरकोटपारि पुऱ्याइएको थियो । चगुठीको मतमा झण्डै सयौं साँढे थिए ।

साँझ पर्दै थियो । सयौं किसान जम्मा भएका थिए । केही व्यक्तिहरू मुलढोकाबाटै फर्केका थिए । जानेहरूको लागि खाजा, लालटिन आदि व्यवस्था गरिएको थियो । साँढे धपाउने काममा सहभागी किसानहरूलाई खुवाउन ३ भारी च्यूरा, २ भारी हरियो लसुन, २ भारी भुटेको भट्मास खर्पनमा लगिएको थियो । (किसी, २०७४) । गोल्मढीका रामकृष्ण कवाँले मुल्ढोकाबाट हरियो लसुनको खर्पन बोकेका थिए । गोल्मढीकै मुक्तिलाल खायमलीका अनुसार गोल्मढी राम झोपडीतिर चन्दा उठाएर खाजाको व्यवस्था गरिएको थियो (खायमली, २०७४)।

साँढे धपाउँदै कमलविनायकबाट खरिपाटीसम्म पुग्दा अँध्यारो-अँध्यारो भइसकेको थियो । तेलकोटमा च्यूरा, लसुन, भट्मास राखेर खाजा खुवाइएको थियो (सुवाल, २०७४) । साँढे धपाउने क्रममा व्यासीदेखि सहभागी इन्द्र बासुकला तेलकोटसम्म पुगेका थिए । त्यहाँ खाजा खाई उनी उतैबाट साँखुतिरको बाटो हुँदै फर्केका थिए । कवाँका

अनुसार भक्तपुरबाट धपाउँदै लगेको साँढे नगरकोटमा पुगेपछि कतिपय स्थानीयले खेतमा जोत्नको लागि भनी बलिया साँढे छानी छानी लगेका थिए । कतिपय तामाङले खानका लागि लिएका थिए । हातैमा च्यूरा, लसुन, भट्मास थापेर खाइरहेको अवस्थामा एक साँढे बाटैबाटो पछाडितिर भागेपछि साँढेलाई फर्काउने बहानामा गोलमढीकै भाइचा ग्वाच्छासँगै रामभक्त किसी पनि घरतिर लागेका थिए । 'सँगै जाने चाहना भए पनि त्यस दिन श्रीमती परदोषको व्रत बसेकाले समयमा प्रसाद लिन नपाए श्रीमती भोकै रहने भएकाले चाँडै फर्केको थिएँ । साथै बाजेलाई थाहा नदिई आएको हुँदा बाजेको अडप पनि थियो' (किसी, उही) । 'खेतमा हाल्न मल बोक्दै गर्दा १२-१ बजेतिर साँढे धपाउनेहरू देखभेट भएका थिए । भेटेकामध्ये धेरैजसो कोने (नगरको तल्लो भेग) का बैद्य र खर्बुजाहरू, चोछेंका सुवालहरू, तःननीका सुवालहरू पनि थिए । खाजा बोक्नेहरू कोनेका र चोछेंका व्यक्तिहरू थिए । साँढे धपाउँदा ५०-६० जनाभन्दा बढी मान्छेहरू फाँटैफाँट लखेट्दै गरेका थिए' (कर्माचार्य, २०७४) । वास्तवमा सामाजिक अभियान थालनी गर्नुअघि सबै कुराको तयारी आवश्यक हुन्छ । त्यसको व्यवस्थापन महत्वपूर्ण हुन्छ । यथार्थमा त्यस्तो सफल व्यवस्थापनले नेतृत्वको विकास हुनेमा दुविधा छैन ।

**आन्दोलनको रूपरेखा**

कुनै पनि आन्दोलन रहर नभई बाध्यात्मक परिस्थितिमा सुविचारित पाइला हुने गर्छ । छाडा चौपाया नै किसानको उन्नति प्रगतिको बाधक भन्ने लागेपछि त्यसबाट सदाको लागि मुक्ति पाउन यथोचित तयारी गर्नु समयको माग पनि हो । तर सुरुआत कसले गर्ने ? नेतृत्व कसले गर्ने ? त्यसबाट उत्पन्न हुन सक्ने जस अपजस कसले लिने भन्ने कुरा महत्वपूर्ण हुन्छ । त्यसक्रममा अनेक छलफल र तयारीहरू भएको हुनुपर्छ । तत्कालीन कार्यकर्ता किसीले भनेअनुसार किसानको त्यो समस्या समाधान गर्न गोल्मढीस्थित पाटीमा भएको बैठकमा नारायणमान बिजुक्छेंले किसानको बाली खाने साँढे धपाउन सबैले सहयोग गर्न भनेका थिए । साँढे धपाउने आन्दोलनको तयारी र त्यसबाट तरङ्गित परिस्थितिले किसानहरू किसान सङ्गठनप्रति आकर्षित हुन थालेको खायमलीको मत छ ।

आन्दोलनको तिथि, मिति र समय कहीं पनि प्रकाशित भएको देखिएन । एक कार्यकर्ता दीर्घनारायण सुवालका अनुसार त्यो समय २०१९ सालको जेठ महिनातिर थियो । खाना खाएर बिहान ८ बजेतिर (किसी, उही) भक्तपुरमा छरिएका साँढेहरू बटुल्न थालेको रहेछ । किसानको बाली नष्ट गर्ने साँढे धपाउने भनेपछि सर्वसाधारण किसान उत्साहित हुनै नै भयो । सल्लाहअनुसार टोलटोलमा किसान कार्यकर्ताहरू जम्मा हुन थाले । व्यासी आसपासका ठाउँबाट १०-१५ साँढे जम्मा गरिएको थियो । चारैतिर घेरा हालेर एकै ठाउँमा जम्मा गर्न खोज्दा व्यासीमा पानी भरेको कांगः (कालीमाटी झिक्न खनेको गहिरो सुरुङ जस्तो खाल्डो- हिकांगः) मा एक साँढे खसेको रहेछ । सबै मिलेर बल्लतल्ल साँढे बाहिर निकालेर मुल्ढोका पुग्दा करिब १२ बजेको थियो । बाबुकाजी बासुकला, बिली बासुकला, कृष्णकुमार घोंजू, गोठे बासुकला, पुण्यराज बासुकला, भाइचा लघुलगायत व्यासीबाट ३०-४० जना सहभागी थिए ( सुवाल, उही) । साँढे धपाउँदा कसैलाई नोक्सान नभए पनि कसै कसैलाई मन परेको थिएन । रामभक्त किसीका अनुसार त्यसक्रममा सुकुलढोकामा दाउरा (कलेचा सिं) बेच्ने तुइचा आँचाजूलगायतसँग झगडा भयो । गणेशमान ग्वंगले 'मातां' थरका एक किसानलाई हातै हाले पनि त्यसको बेवास्ता गरी धपाउँदै लगेका थिए । आफ्नो एरिया हनुमानचा, पाँचाखेल क्षेत्रमा रहेका साँढे जम्मा गर्न थालेको थियो । आफ्नो क्षेत्रमा करिब २० वटा साँढे फेला पारेकोमा धपाउने क्रममा कुनै बीच बाटोबाटै भागेका र खरिपाटीसम्म पुग्दा १४ मध्ये ७ ओटा यताउति भिरपाखामा खसेको थियो (किसी, उही) ।

एक-दुई होइन बथानका बथान, त्यसमाथि मान्छेभन्दा ठूला साँढे धपाउने कार्य सजिलो थिएन । अगुवा कार्यकर्ता भैरवबहादुर बाटीका अनुसार लिवालीवीमा एक अजङ्गको साँढे थियो । २०/२० जनाको समूह बनाएर हनुमानचा खोलामा झारेपछि दुईतिरबाट धपाउँदै खोलैखोला ब्रह्मायणी पुऱ्याइएको थियो । ब्रह्मायणीबाट कमलविनायकतिर लान खोज्दा खुला ठाउँ भएकाले नियन्त्रणमा राख्न सकिएन । धेरै प्रयास गर्दा पनि नसकेपछि त्यसै छाडिएको थियो । उता कमलविनायक हुँदै धेरै साँढेहरू नगरकोटतिर धपाइँदै थियो । कमलविनायक पुग्दा धेरै मान्छेहरू अगाडि गई सकेका थिए । खरिपाटी पुगीसके भनेकाले आफू चाहीं जान पाएन (बाटी, २०७४) । भावना

मात्र हुँदैमा त्यसै काम हुने होइन । समय र पारिवारिक कुराले पनि आन्दोलनमा प्रभाव पारेका त्यस्ता कयौं सन्दर्भहरू थिए ।

जहाँ-जहाँ साँढे रहने-बस्ने हो, त्यहाँ-त्यहाँबाट धपाउनुपर्ने हुँदा सोही टोलका किसानलाई धपाउने जिम्मा दिइएको बुझियो । सल्लाहअनुसार हरि मचामसी, किसमान मचामसी र अन्य ५-६ जनाले जगाती क्षेत्रबाट साँढे धपाएका थिए । एक दुई गर्दै छरिएर बसेका साँढे एकै ठाउँमा जम्मा गर्न सजिलो थिएन । एकै ठाउँमा पुगेपछि सजिलै कमलविनायकतिर धपाएका थिए (मचामसी, उही) । भाइचा भनिने विष्णुभक्त ग्वाछा पनि साँढे धपाउने क्रममा नगरकोटसम्म पुगेका थिए । गोल्मढी याताबाट साँढे धपाउन क्रममा साँढेले एक बच्चालाई कुल्चिंदा च्याम्हासिंहमा झगडासमेत भएको तिनको स्मरण छ । आफ्नो खेत 'यगा'तिर भएकाले गोल्मढीका मुक्तिलाल खायमली बिहान उतैतिर लागेका थिए । त्यहाँबाट साँढे जम्मा गरेर धपाउँदै मुल्ढोकासम्म पुगेका खायमली पनि गन्तव्यसम्म पुग्न सकेन । त्यसदिन श्रीमती व्रत बसेको भएकाले समयमा घर पुग्न नसकिएला झैं लागेर खायमली पनि त्यहींबाट फर्केका थिए । ब्रत बस्ने, धर्म-कर्म गर्ने र श्रीमान्लाई पहिलो प्रसाद बाँडेपछि मात्र आफूले खाने गरेमा श्रीमान्को आयु बढ्ने गहिरो विश्वास यी प्रसङ्गहरूबाट देखिन्छ ।

गोल्मढीकै रामकृष्ण कवाँका अनुसार टोलटोलबाट लगभग ३-४ सय किसानहरू सहभागी थिए । त्यतिबेला नगरकोट जाने बाटो साँघुरो थियो । किसानहरूको पटुकीको काँसचा बेरिएको (कछाड) हुन्थ्यो । कोही रमाइलोका लागि गएका त कोही जिम्मेवारी पूरा गर्न र कोही उज्यालो रहेसम्म वा अलि माथिसम्म सँगै जाउँला भन्ने हिसाबले गएका थिए । कोही कोहीले आफ्नो नैतिक जिम्मेवारीको रूपमा पनि सोच्दथे । गोल्मढीकै रामभक्त किसी भने आफ्नो पनि बाली बिगार्ने साँढे धपाउन पाउने भएकाले बुबाको अनुमतिले सहभागी भएका थिए ।

हिँडेरै धपाउनेबाहेक विकल्प थिएन । उद्देश्यमूलक काममा हिँड्दाको समय कसले ख्याल गर्नु ? 'नगरकोट डाँडाको 'गडगडे' खोलामा पुग्दा तीन साढेतीन जति बजेको हुनुपर्छ । हामीले त्यहाँ चिउरा लसुन भटमास खायौं । नगरकोट डाँडो काटेर ईन्द्रावती खोलाको तीरमा पुग्दा रात परिसकेको थियो । साँढेलाई खोलापारि जाने गरी धपायौं । आठओटा साँढे चाहिं खोला नतरीकन बीचैमा हेलिरहे । तीनओटा चाहिं मध्यरातसम्म हुल्दा पनि मरी गए पानीमा पसेनन् । अब रात बिताउन हामी नजिकैको दनुवार गाउँ पस्यौं । त्यो गाउँ फर्सिला पञ्चायतमा पर्दथ्यो । हामी बास बसेको घरधनी दनुवार द्वारे रहेछन् । भोलिपल्ट ब्यूँझिँदा त राती खोला तर्न नमानेका साँढेहरूले गाउँलेका गहुँबाली तहसनहस गरिदिएछन् भन्ने थाहा लाग्यो । गाउँलेहरू रिसाएर उधुम् । तिनले हामीलाई प्रधानपञ्चकहाँ लानुपऱ्यो भनेर लगे । बाटैमा कलिलो उमेरका वडा सदस्य भेटे । हामीले यता नगरपञ्चायतबाट लगेको पत्र देखाएपछि तिनले हामीलाई सघाउनु भनेर गाउँलेलाई सम्झाइ दिए । फेरि माझीहरूको डुङ्गामा बसेर साँढे धपाउन थाल्यौं । साँढे भने खोला तिरैतिर कुद्न थाले । हामी भीमटार पुग्यौं । त्यहाँ गाउँ नै उठेर आई साँढे लैजान हामीसित अनुमति माग्न थाल्यो । हामीलाई के चाहियो र हामीले हुन्छ भन्यौं तै पनि तीनओटा साँढे रह्यो नै । एउटा लङ्गडो थियो । अर्को निकै बूढो थियो । तेस्रो सार्है लोसे थियो । त्यतिकैमा कताबाट हो कुन्नि । एक हुल बाहुनहरू देखापरे । तिनीहरूले बिन्ती गरेर यी साँढे हामीलाई दिनुहोस् हामीलाई यिनको गोबरै भए पनि पुग्छ भनेर भन्न थाले । हामीले लौ त भन्यौं'(चगुठी, उही) । हामी नगरकोट पारि फटकशिला भन्ने ठाउँसम्म साँढे धपाउन गएका थियौं (कुस्मा, उही) । भार्वाचो बस्ने विश्व बहादुर न्याइच्याईको स्मरणमा आफू पनि साँढे धपाउने आन्दोलनमा गणेश बहादुर बाटी, ज्ञान बहादुर न्याइच्याई, गाविन्द दुवालसँगै नगरकोटसम्म पुगेका थिए ।

संयोग हो वा नियोग, सोही दिन दुई ठाउँमा साँढे धपाउने काम भएका थिए । मध्यपुरका अगुवा किसान कार्यकर्ता भाइप्रसाद धौबञ्जारका अनुसार सोही दिन मध्यपुरमा छाडा साँढे छाड्ने व्यक्तिसँग क्षतिपूर्ति भराई लिएका थिए । उहाँका अनुसार भक्तपुर कटुञ्जेका मान्छेले पालेका गाई दिनभरि छाडा छाड्थे । त्यसले मनपरी किसानको बाली खाइदिन्थ्यो । गाईले परालको कुन्युको पराल सखाप पार्थ्यो । सल्लाहअनुसार गाईहरू धमाधम बटुल्दै यताउतिबाट ठिमी लायकुमा ३५-३६ ओटा गाई थुनिएका थिए । बेलुकातिर गाई खोज्दै कटुञ्जेबाट मान्छेहरू आइपुगे

। विवाद भयो यता किसानहरू पनि धेरै जम्मा भएका थिए । बालीबापत क्षतिपूर्ति तिराउने माग भयो । हामीले प्रतिगाई रु.२५/- को दरले क्षतिपूर्ति माग गरेकोमा अबदेखि गाई छाडा नछाड्ने शर्तमा प्रतिगाईको रु.२०/- का दरले क्षतिपूर्ति तिराइयो । ४ सय रूपैया जति जम्मा भएकोमा के गर्ने भन्ने कुरा भयो । कसलाई कसरी बाँड्ने भन्ने अप्ठ्यारो भएपछि व्यक्तिगत रूपमा कसैले नलिने भन्ने सहमति भयो । निकोसेरा भजनको लागि ठ्यासफू (भजन पुस्तक) बनाउन दिने सल्लाहअनुसार पैसा दिइयो (धौबञ्जार, किसान सङ्घर्ष, २०७३ असोज) । यसरी अप्रत्यासित रूपमा भजन समूहको लागि भजन पुस्तकको जोहो हुनु उपलब्धि नै मान्नुपर्छ ।

**वर्ग सङ्घर्ष**

पीडित किसानको बाध्यात्मक कदम कसैका लागि नैतिक हाँकजस्तै भएको रहेछ । त्यसबाट कतिमा बदलाको भावना जागेको थियो । जिम्मा पाएका सात आठ जना नगरकोटको डाँडातिर लागे पनि बाँकी किसानहरू चाहिं बीचबीचबाटै फर्केका थिए । नगरभित्रका किसान फर्कंदै गर्दा धर्मचा र गणेशमानचाहरूको तीनचारओटा मोटरबाट मानिसहरूले ती किसानहरूलाई टाउको फुट्ने गरी कुटपिट गरेछन् । (अपशब्द प्रयोग गरी) '...ज्यापु ! पशुपतिनाथको देशमा बसेर साँढे फाल्न लैजाने तिमीहरू !' भन्दै कुटपिट गर्दा कैयौं किसानहरू घाइते भएको चगुठीको स्मरण छ । यो कुरा अरू किसानहरूले थाहा पाएपछि घरघरबाट कोदालीको बीँड र नोल लिई गएको बताइन्छन् ।

किसानहरू सङ्गठित भएर साँढे धपाउने काममा लागेको सामन्तहरूलाई मन परेको थिएन । ब्यासीका कार्यकर्ता गोपालदास बासुकलाका अनुसार नगर पञ्चायत सदस्य निर्वाचित नारायणमान बिजुक्छेंले किसानको नेतृत्व गरी किसानको हितमा लागेकोमा आफ्नै बुबा गणेशमान बिजुक्छें (ग्वंग) लाई मन परेको थिएन । नारायणमान बिजुक्छेंलाई पनि आफ्नो बुबाको विचार र क्रियाकलाप मन परेको थिएन । सुकुलढोकातिरका साहु महाजनहरू एक ढिक्का थिए । गणेशमान ग्वंग सुकुलढोकामा बिर्ता सङ्घका अध्यक्ष थिए । खिछेंका मीलचा, सुकुलढोकाका नारांचा पहलमान, गःहिटीका ख्याजू, सुकुलढोकाकै भजु (देव ड्रग्स अगाडिको घर) जस्ता कहलिएका मोहसुर व्यक्तिहरू एक ढिक्का थिए । बजारमा बेच्न राखेको साग सब्जीमा समेत तिनीहरूले भनेको भाउ हुन्थ्यो । अन्यथा लुटपाट, हातपातसम्म हुन्थ्यो (गोपालदास, २०७३) । किसानलाई ज्यापु भनी दबाउन चाहनेहरू भित्रभित्रै मुर्मुरिएका थिए ( नायभारी, २०७३) । किसान एकतामा आफ्नो हार सम्झनेको कमी नभएको यसबाट देखिन्छ ।

साँढे धपाउन जाने किसानलाई पाठ सिकाउने योजना रहेछ उनीहरूको । त्यतिबेलाको नाम चलेको गाडी बाईरोड गाडी भनिने ११५ नं. को मिनिबस लिई मुलढोका हुँदै गएको नायभारीको थम्याइ छ । साँझ अँध्यारो हुन थालेको थियो । साँढे धपाउन गएकामध्ये कोही फर्किरहेका थिए । मुलढोकामै केही किसानलाई उनीहरूले लखेटी लखेटी पिट्न खोजेका थिए । त्यतिबेला सबै टोलका किसानमा एकताको भावना थियो । खबर पुग्ने बित्तिकै ब्यासी र आसपासका किसानहरू जम्मा भएकाले तिनीहरूले सोचेजस्तै गर्न पाएनन् । त्यसपछि गाडी लिएर नगरकोटतिरै लागे । उनीहरूले बीच बीचमा उताबाट फर्किरहेका जो सुकैलाई भेट्ने बित्तिकै सोधपुछ नै नगरी कुट्न थाले । कोही खर्पन बोकेर खेतबाट फर्किरहेका थिए (नायभारी, उही) । अरू कसैसँग भेट होला र लफडामा परिएला भनेर किसानको खर्पन आफूले बोकेर घर फर्केको रामभक्त किसीको भोगाइ रहेछ । त्यस्तै भोगाइ कयौंका थिए ।

'खाजा खाएपछि हामी ६-७ जना केटाकेटीको समूह फर्केका थियौं । हाम्रो पछाडि ५/६ जनाको अर्को समूहले पछ्याएको थियो । हामीसँग कसैले सोधे भने 'खेतमा पानी हेरेर आएको भन्नू' भनी सिकाइएको थियो । यातु महादेवस्थाननिर (हाल डेरी भएको स्थानमा) पुग्दा सुकुलढोकाका साहुहरू बसेको दुई लरी (गाडी) भेट भयो । एक्कासि लरीबाट झरेर 'साँढे धपाउने ज्यापूहरू' भन्दै लामो लठीले हामीलाई कुटपिट गर्न थाले । हामीलाई कुट्दै गाडीमा ठेल्दै गर्दा पछाडिको युवा समूह आइपुगेकाले हामीलाई छाडी उनीहरूलाई लखेट्दै कुट्न थाले । त्यही मौकामा हामी गाडी छाडेर भाग्यौं' (सुवाल, उही) । गोल्मढीकै भाइचा ग्वाच्छा पनि त्यसदिन 'श्रीमतीको ब्रत भएकाले खाजा खाएर त्यहीबाट फर्केका थिए । ग्वाछालाई किसान विरोधी लटंवीर भन्ने आचाजूले ब्यारेकनिर भेटेका भए पनि एकै टोलका चिनेका व्यक्ति भएकाले होला 'ए ग्वाछा ए ग्वाछा' भन्दै माटोको डल्लाले हिर्काए झैं गरी भगाएका थिए ।

सोझो सीधा मान्छेबाट पछि काम लिन सकिने आशामा आचाजूले त्यसदिन भाग्ने मौका दिएको हुनुपर्छ' (ग्वाछा, उही) । बेलुकीतिर साँढे धपाएर फर्केका ग्वाछा र आफ्नै काका कान्छा खायमलीलाई कोलपताहिले भन्ने ठाउँमा सुकुलढोकाका साहुजीहरूले कुटपिट गरेका थिए । कुटपिटको विरोधमा टोलटोलका किसानहरू उठेका थिए (खायमली, उही) । गोल्मढी बस्ने हरि मचामसी भने साँढे धपाउँदै जाँदा बीच बाटोबाटै फर्केका थिए ।

साँढे धपाएर फर्केकामध्ये कान्छा भन्ने बिकुनारां मातां र किसंभक्त न्याइच्याईलाई खरिपाटी पानी ट्यांकीनिर भेटाएर कुटपिट गरिएको थियो । तिनीहरूलाई मोटो लौरो र ठूल्ठूलो माटोको डल्लाले हिर्काउँदा कान्छा मातांको हातै भाँचेको थियो । 'किसान विरोधीहरू १५ नं. (नायभारीले ११४ नं. बताएको) को गाडीमा गएका थिए । तिनीहरूलाई फेला पारेपछि अन्यलाई चाँगु जाने बाटोतिर फाँटैफाँट पठाइएको हुँदा बचेका थिए' (बाटी, उही) ।

चासुखेलका किसान जगन्नाथ त्वानाबासु त्यसदिन ४-५ जना साथीहरू साथ 'बागेश्वरी स्थित 'तपा' भन्ने खेतमा धान रोप्ने तयारीको लागि मल पुर्याउन गएका थिए । त्यतिबेला रासायनिक मलको चलन थिएन । घर छेउछाउमा खाली ठाउँमा 'घरको चुल्होचौका बढारकुडारबाट कुहिने बस्तु, सोत्तर जम्मा गरी कुहाउने सागालको मल नै किसानको प्रिय वस्तु थियो । घरदेखि खेतसम्म ३ खर्पन (भारी) मल पुर्‍याएर फर्कंदै गर्दा गणेशमान ग्वंगलगायतसँग भेट भयो । 'साँढे धपाउने यी नै होइन' भनी तर्साएका थिए । हामी त मल बोकेर फर्केका भनी उम्केर आएको एकैक्षणमा बाँसबारीनिर उताबाट फर्केका केही व्यक्तिहरू भेटिँदा तिनीहरूले लखेटी लखेटी पिटेका थिए' (त्वानाबासु, २०७४) ।

'बाटोमा गणेशमान ग्वंग, रत्नवीर आचाजु, नाय्चा तमो (राम तमोको भाइ) गाडी लिइ आएका थिए । आफ्नै टोलका केटाहरू भेटेपछि तिनीहरूले तिमीहरू पनि साँढे धपाएर आएको होला होइन ?' भनी सोधे । हामीले जवाफ दिन नपाउँदै तिमीहरूलाई समाइलाने भन्दै गाडीमा राखे । चिनजानका भएकाले आफूहरूलाई केही गरेनन् । अलि माथि लाठी बोकेका व्यासीका मान्छेहरू भेटेपछि गाडी रोक्यो । 'साँढे धपाउने होइन ?' भन्दै तिनीहरूले कुटपिट गर्न थाले । हामी बिस्तारै गाडीबाट झरेर ताप कस्यौं । बाटोमा कालीमाटी बोकेर फर्केका इनाचोका कुस्माहरूसँग पनि भेट भएको थियो' (किसी, उही) ।

चासुखेलकै कृष्ण कर्माचार्यको भनाइ पनि उस्तै छ । 'गणेशमान ग्वंग, तुईचा आँचाजु, लटंवीर आँचाजु, डाय्डाय्चा भन्ने कर्माचार्यलगायत किसान विरोधी कहलिएका व्यक्तिहरू मिनीबस लिएर आउँदा पानी ट्यांकीनिर भेट भएको थियो' । 'साँढे धपाइस होइन ?' भन्दा, 'होइन बाजे मल बोकेर आएका' भनेपछि 'ल सरासर घर जाउ' भनि छाडेका थिए । घर पुग्दा उत्ता ठूलै झगडा भएको सुनियो । पहिलो आक्रमण खाजा खुवाई फर्केकाहरू परेका थिए ( कर्माचार्य, २०७४) ।

गहुँबारीमा लेखेटालखेट-भागाभाग-कुटाकुटा-गुहार गुहार र चिच्याहट चलेको थियो । त्यस्तोमा केही घाइते व्यक्ति घर फर्कने आँट नभएर रातभरि गहुँबारीमै लुकेको पनि सुनियो (नायभारी, उही) । त्यहाँबाट फर्किरहेका किसानहरूलाई कुटपिट गरेको खबर पुगेपछि राती नै जम्मा भएका किसानहरू माझ व्यासीमा नारायणमान बिजुक्छेंले जोसिलो भाषण गर्नुभएको थियो । उहाँले कार्यकर्ताहरूलाई नडराउन हौस्याउनुभएको थियो । देख्ने सुन्नेहरूका अनुसार बिजुक्छेंले किसानविरोधीसँग प्रतिकार गर्न एक नपुगे दुई जानू, दुई नपुगे चार जानू भन्नुभएको थियो । किसान विरोधी जो सुकै भए पनि तानेर ल्याउन र जनतासामु उभ्याउन भन्नुभएको थियो- उहाँले (नायभारी, उही) । कवाँका अनुसार नारायणमान बिजुक्छेंले सबभन्दा पहिले आफ्नै बुबालाई बद्ला लिन भनेको कुरा त्यतिबेला टोल टोलमा चर्चा चलेको थियो (कवाँ, उही) । यसरी आफ्नै बुबाले साँढे धपाउने किसानहरूलाई कुटेको खबर पाएपछि नारायणमान बिजुक्छेंले रातारात टोलटोलमा बैठक राख्न लगाउनुभयो । इनाचोका मंगलाल गोजाको घरमा भएको बैठकमा उहाँले किसानलाई कुट्ने जो कोही भए पनि बदला लिने भन्नुभएको थियो । उहाँले साँढे धपाउन ४ दिन लाग्न सक्ने भन्दै फर्कनेबेला बैण्डबाजा बजाएर लिन जाने घोषणा गर्नुभएको थियो (किसी, उही ) ।

**ई. निष्कर्ष र सुझाव :**

करिब ६ दशकअगाडि किसानहरूको सङ्गठित अभिव्यक्तिको परिणामले किसान एकताको क्रमिक बिजारोपण सम्भव भयो । त्यस घट्नालगत्तै २०२१ सालमा सरकारले लागू गरेको भूमिसुधार पञ्चायती व्यवस्थाको देखावती वा आडम्बर मात्र भए पनि भक्तपुरका क्रान्तिकारी किसान एकताले त्यसलाई अधिकतम उपयोग र अधिकतम लाभ लिन उत्प्रेरित भयो ।

शोषणको सीमा थिएन । गरिबीको गहिराई नाप्ने आधार थिएन । शिक्षामा अन्धकार छाएको थियो । त्यतिबेलाको किसानहरूको अवस्था सम्झँदा आँखा रसाउँछ (न्याइच्याई, २०७४) । यद्यपि क्रान्तिकारी विचार बोकेका तत्कालीन कम्युनिष्ट विचारबाट प्रभावित क्रान्तिकारी किसान कार्यकर्ताहरूको पहलमा तत्कालीन समाजमा शक्तिशाली वर्ग शोषक सामन्तहरूको विरुद्ध अभिव्यक्ति दिनु कम साहसिक थिएन । परिणामतः किसान एकता सम्भव भयो ।

साँढे लिलाम नहुने हुनाले त्यसलाई नगरकोटपारी फट्कशिला पुऱ्याइयो । किसानहरू सङ्गठित भएबाट विचलित सामन्तहरूले सरकारको आड पाएर त्यस जनपक्षीय कार्यको विरोध गरेको मात्र नभई साँढेलाई पुनः नगरतिरै धपाई दिने तथा किसान कार्यकर्तालाई रगताम्य हुने गरी कुटपिट गरे । यसका विरुद्ध किसान जनता कुटो, कोदालो लिएर उठे; प्रतिक्रियावादीहरूलाई बदला लिए । केही दिन भक्तपुर तनावग्रस्त भयो र मेजिष्ट्रेटले नगरमा कर्फ्यूसमेत लगाए । केही समयपछि तनाव सेलाएर गयो । त्यस आन्दोलनले एकातिर किसानको बाली संरक्षण हुन गयो भने अर्कोतिर किसानहरूमा सङ्गठनको आवश्यकता बोध गरायो (चालिसे, २०५१) ।

साँढे धपाउने आन्दोलनका कारण किसानका बालीनाली जोगिएको थियो । यो देखेर सामन्तहरू प्रशासन र पुलिसको आडमा किसानहरूलाई तर्साउने गर्दथे । तर किसानहरूले पनि सामन्तहरूसँग लड्न घरायसी हतियार बोकी निस्केका थिए । कुस्माले भनेझैं किसानहरूको एकता र सङ्गठित शक्तिका अगाडि सामन्तहरूको केही लागेन । यद्यपि बेलाबेलामा शोषक सामन्तहरूले लखेटिएका साँढे फर्काउने असफल प्रयास गरेको भए तापनि आखिरीमा किसानहरूले सफलता प्राप्त गऱ्यो । यसले किसानहरूमा सङ्गठित हुनुपर्छ भन्ने भावनाको पनि विकास भयो ।

**सन्दर्भ सामग्रीहरू :**

चालिसे, पुष्पराज । २०५१ । *नेपालको प्रजातान्त्रिक आन्दोलनमा भक्तपुरको भूमिका* (१९९७-२०४७) वि.सं.। काठमाडौं । के.एल 'उदय' ।

प्रजापति, विकल । २०६४ । *जनआन्दोलन २ मा भक्तपुर,* त्रिविवि शोधपत्र । अप्रकाशित ।

चगुथि, कृष्णभक्त । २०६५। *भक्तपुरको किसान आन्दोलन*। कृष्णभक्त चगुथि । काठमाडौं ।

.... ।२०७३। किसान सङ्घर्ष, वर्ष ४, अङ्क १ । भक्तपुर । नेपाल क्रान्तिकारी किसान सङ्घ, केन्द्रीय समिति

खड्का, केशरबहादुर । २०७२: २०७१ को अन्तर्वार्ता । *बिर्खेश्वर गरी बाच्छाबाच्छी छाड्थे । भक्तपुरको किसान आन्दोलनको अर्थ राजनीतिक विश्लेषण*। भक्तपुर । युथ सोसाइटी फर सोसियल वेलफेयर ।

बखुन्छे, सुरेश । २०७२ । *भक्तपुरको किसान आन्दोलनको अर्थ राजनीतिक विश्लेषण*। भक्तपुर । युथ सोसाइटी फर सोसियल वेलफेयर ।

धौबञ्जार, भाइ प्रसाद । २०७३ । *किसान आन्दोलनका अविस्मरणीय केही कुरा*। किसान सङ्घर्ष वर्ष ४, अङ्क १, असोज २०७३ । भक्तपुर । नेपाल क्रान्तिकारी किसान संघ केन्द्रीय समिति ।

लेखकसँगका अन्तर्वार्ता /कुराकानी :

मोहनवीर कुस्मासँग २०७३।८।७ मा गरिएको कुराकानीमा आधारित

भैरब बाटीसँग २०७४।४।१८ मा गरिएको कुराकानीमा आधारित
विश्व बहादुर न्याइच्याईसँग २०७४।४।१५ मा गरिएको कुराकानीमा आधारित
कृष्ण कर्माचार्यसँग २०७४।४।१६ मा गरिएको कुराकानीमा आधारित
मुक्तिलाल खायमलीसँग २०७४।७।४ मा गरिएको कुराकानीमा आधारित
शंख बहादुर याकामीसँग २०७३।८।६ मा गरिएको कुराकानीमा आधारित
ईन्द्र बासुकलासँग २०७४।७।१७ मा गरिएको कुराकानीमा आधारित
रत्नकाजी नायभारीसँग २०७३।९।९ मा गरिएको कुराकानीमा आधारित२०७४।४।४
जगनाथ त्वानाबासुसँग २०७४।३।२७ मा गरिएको कुराकानीमा आधारित
रामभक्त किसीसँग २०७४।६।२९ मा गरिएको कुराकानीमा आधारित
रामकृष्ण कवाँसँग २०७४।७।९ मा गरिएको कुराकानीमा आधारित
हरि मचामसीसँग २०७४।७।९ मा गरिएको कुराकानीमा आधारित
नारायण गोसाईसँग २०७३।९।५ मा गरिएको कुराकानीमा आधारित
गोपालदास बासुकलासँग २०७३।९।६ मा गरिएको कुराकानीमा आधारित
दीर्घनारायण सुवालसँग २०७४।६।१० मा गरिएको कुराकानीमा आधारित
भाइचा ग्वाछासँग २०७४।७।५ मा गरिएको कुराकानीमा आधारित